# बैजनाथ गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक

# सार्वजनिक सुनुवाई

२०७७ चैत्र ६ गते

दर्ता नं. २०५१
दर्ता मिति २०७८।१२।२२

# प्रगति-प्रतिबेदन




**आयोजक**

**सहजिकरण**

बैजनाथ गाउँपालिका, बाँके

बास नेपालगन्ज

*बैजनाथ गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभाबकारिता बिषयक*

# सार्वजनिक सुनुवाई

## २०७७ चैत्र ६ गते

## प्रतिवेदन

**१. सहजिकरण गर्ने संस्थाको परिचय :–**

बागेश्वरी असल शासन क्लब (बास) बिगत २० बर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल एक गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा कियाशिल रहँदै आएको छ । ७६ जिल्ला शाखा, २० उपशाखा, १०० ईकाई र ४२०० भन्दा बढि युवा आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सुचनाको हक, अपाँगता अधिकार, युवा नेतृत्व बिकास, बाल संरक्षण र संचारका क्षेत्रमा काम गर्दै आईरहेकोछ । देशमा ब्याप्त भ्रष्टाचार न्युनिकरणका लागि बिभिन्न कार्यक्रम संचालन गर्दै आएको बास भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी संस्था टीआई नेपालको आबद्ध संस्था हो ।

**२. कार्यक्रमको पृष्ठभुमि :–**

राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनीहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका ब्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाइका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजीक सुनुवाइबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्टपोषणपनि हुन्छ । अनि सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुणर दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुका नागरिकको अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका ब्यक्तिहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नेत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय